# स्थानीय राजपत्र

माहाकाली नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : ४, असोज २८ गते, २०७७ साल


## भाग-२

## नगर प्रमुख स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि २०७७

**प्रस्तावना :-**

नेपालको संविधानको भाग ३ को धारा ३५ वमोजिम प्रत्येक नागरिकलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क रुपमा उपभोग गर्न पाउने हकहुने मौलिक अधिकार भएको हुदा यस नगरपापलकाको चालु आ.ब.०७७।०७८ मा यस पालिका मा स्थायी बसोबास गरी बसेका ४०(चालिस) बर्ष उमेर नाघेका ब्यक्ती हरुका आधारभुत स्वास्थ्य समस्या हरुको समयमै पहिचान तथा ब्यबस्थापन गर्ने उद्देश्यले स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को उपदफा २ को १ ׳फ मा उल्लेख भए को आधारभुत स्वास्थ्य र सरसफाई बमोजिम माहाकाली नगरपालिका नगरकार्यपालिकाले यो कार्यबिधी बनाई नगर प्रमुख स्वास्थ्य कार्यक्रम संचालन कार्यबिधी तयार गरी लागु गरेको छ ।

### परिच्छेदः- १

### प्रारम्भ

**१) संक्षिप्तनाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नामः**" नगर प्रमुख स्वास्थ्य कार्यक्रम संचालनकार्यविधि २०७७"** रहेने छ ।

(२) यो कार्यविधि नगरपालिकाले पारित गरेको मिति देखिलागु हुनेछ ।

**२) परिभाषा**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन"भन्नाले **स्थानीय सरकार संचालन ऐन २०७४** लाई सम्झनु पर्नेछ।

(ख) "नगरपालिका" भन्नाले माहाकाली नगरपालिकालाई सम्झनु पर्नेछ ।

(ग) "कार्यपालिका" भन्नाले माहाकाली नगरकार्यपालिकाको कार्यापालिकालाई सम्झनु पर्नेछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्नेछ ।

(ङ) "लक्षित वर्ग" भन्नाले यस नगरपालिका भित्र स्थायी वसोवास गर्ने, ४० बर्ष माथीका सबै  व्यक्ती हरुलाई जनाउनेछ ।

(च) "सभा" भन्नाले नगरपालिकाको सभा लाई संझनु पर्नेछ ।

(छ) "प्रमुख" भन्नाले नगर प्रमुख लाई सम्झनु पर्नेछ ।

(ज) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख लाई सम्झनुपर्नेछ ।

(झ) "कार्यालय प्रमुख" भन्नाले नगरपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संझनु पर्नेछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले तत् तत् वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्नेछ ।

(ट) "सचिव" भन्नाले माहाकाली न.पा. कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ र वडाको हकमा सम्बन्धित वडाको प्रशासनिक जिम्मेवारी बहन गर्ने निजामती कर्मचारी वा नगरकार्यपालिका ले सो जिम्मेवारी तोकेको व्यक्ती लाइ सचिब सम्झनु पर्नेछ ।

(ठ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम संम्झनु पर्नेछ ।

(ड) "नगरक्षेत्र" भन्नाले माहाकाली नगरपालिका क्षेत्रलाई जनाउने छ ।

## परिच्छेद-२

## वडा स्थित स्वास्थ्य संस्था को कामकर्तव्य र अधिकार

३. वडा स्थित स्वास्थ्य संस्था का कामकर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडा स्थित स्वास्थ्य संस्था ले आफ्नो कार्यक्षेत्रमा लक्षितर्गहरुको तथ्यांक संकलनगर्नु मूख्य जिम्मेवारी हुनेछ ।

ख) नगरपालिका प्र.प्र.अ.,सम्बन्धीत शाखा प्रमुख तथा सम्बन्धीत अन्य व्यक्ती तथा शाखाले माग गरेको समयमा लक्षितवर्गको तथ्याङ्क उपलव्ध गराउनु पर्नेछ ।

घ) नगर प्रमुखएवं नगर उपप्रमुखले समय-समयमा दिएको निर्देशनको परिपालनागर्नु वडा स्थित स्वास्थ्य संस्था को कर्तव्य हुनेछ ।



ङ) छनौट भएका लक्षितवर्ग हरुको आबस्यक्ता बमोजिमको स्वास्थ्य सेवा कार्यमा समन्वय तथा सहजीकरण गर्नु वडा स्थित स्वास्थ्य संस्था को कर्तव्य हुनेछ ।

## परिच्छेद-३

## लक्षित वर्ग

**४) लक्षितबर्ग देहायअनुसार हुने छन ।**

क) नगरपालिकाको कुल जनसंख्या मध्येबाट ४० बर्ष उमेर पुरा भएका सबै व्यक्ती मानिने छन ।

ख)समय र परिस्थीति मुताबिक उपरोक्त बाहेक अन्य उमेर समुहका व्यक्ती हरु पनि लक्षित बर्गा मा पर्न सक्नेछन ।

## परिच्छेद-४

## कार्यक्रम कार्यान्वयनका लागि आर्थिक व्यवस्था एवं कार्यान्वयन प्रक्रिया

५) कार्यक्रम कार्यान्वयकालागिआर्थिक व्यवस्थाएवं कार्यान्वयनप्रक्रिया देहायअनुसार हुनेछ ।

क) संघिय सरकारले बित्तियसमानिकरण को शसर्त शिर्षक अन्तरगत लक्षित गरेका जेष्ठ नागरिक स्वास्थ्य प्रबर्धन अन्तरगतका कार्यक्रम हरु संघिय सरकार बाट तयार पारिएको कार्यक्रम संचालन निर्देशिकाले निर्दिष्ट गरेबमोजिम संचालन गरिने छन ।

ख) स्थानिय पालिका ले आबस्यक ठानी संघिय सरकारले बिनियोजन गरेका बाहेक थप कार्यक्रम हरु संचालन गर्न आबस्यक ठानेको खण्डमा स्थानिय पालिकाकालागी आबस्यक हुने किसिमको कार्यबिधी तयार गरी कार्यक्रम संचालन गर्न सक्ने छ ।

**१) <u>नगर प्रमुख स्वास्थय</u> कार्यक्रम तपशिल बमोजिम संचालन गरिने छ ।**

१.क) लक्षित बर्ग:- यस माहाकाली नगरपालिका भित्र स्थायी बसोबास गरेका स्थायी बासिन्दा ४० बर्ष उमेर पुरा गरेका सबै व्यक्ती हरु ।

१.ख) नगर प्रमुख स्वास्थय कार्यक्रममा दाबी पुग्ने :- यस माहाकाली नगरपालिका भित्र स्थायी बसोबास गरेका स्थायी बासिन्दा ४० बर्ष उमेर पुरा गरेका सबै व्यक्ती हरु  तथा अत्याबस्यक तथा आधारभुत स्वास्थ्य सेवा को आबस्यक्ता पहिचान भएका अन्य व्यक्ती हरु ।

ग) नगर प्रमुख स्वास्थय कार्यक्रम अन्तरगत सम्पुर्ण लक्षितबर्ग को घरदैलोमा गई स्वास्थ्य परिक्षण गरिनेछ ,स्वास्थ्य परिक्षणको क्रममा रक्तचाप, मधुमेह, दम, एल्कोहोलिजम, अल्जाईमर, आङखस्ने, अर्बुदरोग, मुटु तथा मृगौला र कलेजो सम्बन्धी समस्या,आखा सम्बन्धी समस्या जस्तै मोतियाबिन्दु आदि जस्ता समस्या हरु लाई प्राथमिकता दिईने छ ।